## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरणः-

| सि.न. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | श्याम किशोर राय, रामविनय प्रसाद यादव, उमेश कुमार दास, राम भरोसी मण्डल धानुक, रिना कुमारी र बालमेश्वर साह कलवार (विशेष अदालत मुद्दा नं. : (०७९-CR-००७०) फैसला मितिः- २०८०/११/२० | गैरकानूनी लाभहानी पुऱ्याई भ्रष्टाचार गरेको। | **प्रतिवादीहरु श्याम किशोर राय, रामबिनय प्रसाद यादब र उमेश कुमार दास** उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.९७,८४०।४० (अक्षेरुपी सन्तानब्बे हजार आठ सय चालिस रुपैयाँ चालिस पैसा मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ (१) बमोजिम कैद र जरिवाना गरी ऐ.ऐनको दफा ८ (१) बमोजिम नै उल्लेखित बिगो समेत निज प्रतिवादीहरुबाट असुल उपर हुन, साथै उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ (२) बमोजिमको समेत सजाय हुन,<br><br>**प्रतिवादीहरु रामभरोसी मण्डल धानुक, बालमेश्वर साह कलवार र रिना कुमारी** उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ (४) बमोजिमको कसूरमा बिगो रु.९७,८४०।४० (अक्षेरुपी सन्तानब्बे हजार आठ सय चालिस रुपैयाँ चालिस पैसा मात्र) कायम गरी ऐ.ऐनको दफा ८ (४) | **फैसलाः-**<br>प्रतिवादीले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/११/२० मा फैसला भएको ।<br><br>विशेष अदालत काठमाडौंले प्रतिवादीलाई सफाई दिने गरी **<u>फैसला गर्दा निम्न आधार ग्रहण</u>** गरेको देखिन्छः<br>(क) आयोगबाट खटिएको प्राविधिक टोलीले काम कम भएको भनी प्रतिवेदनमा मात्र उल्लेख भएको हुँदा उक्त प्रतिवेदनलाई विश्वसनीय प्रतिवेदन मान्न नमिल्ने हुँदा आयोगको माग दावीमा उल्लेख भएको कम काम भएकोमा बढी रकम भुक्तानी दिइएको भन्ने दाबी सबूत प्रमाणले पुष्टि गरेको देखिन नआएको।<br>(ख) Form Work तर्फ ५३.८६ वर्ग मिटर र 1st class brick work तर्फ ४.०८ घनमिटर बढी देखाई भुक्तानी दिए लिएको भन्ने आरोप दाबी पुष्टि हुन आएको नदेखिंदा प्रस्तुत आरोपदावीबाट सम्पूर्ण प्रतिवादीहरुले सफाई पाउने ठहर्ने। | (क) प्रस्तुत मुद्दामा आ.व.२०७६/०७७ मा जिल्ला सर्लाही, कविलासी नगरपालिका वडा नं. ८ स्थित अधुरो रामजानकी मन्दिर निर्माण कार्यको लागि नगर पालिकाको कार्यालयबाट रु.१०,००,०००/-(दश लाख रुपैयाँ) बिनियोजन भएकोमा लागत अनुमान रकम रु.१०,८३,३५५/-(दश लाख त्रियासी हजार तीन सय पचपन्न रुपैयाँ) भएकोमा प्रतिवादीहरुले फिल्डमा वास्तविक रुपमा भएको कार्यभन्दा बढी मूल्यांकन गराई भुक्तानी माग गर्ने र कार्य सम्झौता विपरीत कार्यसम्पन्न भएको भनी रु.९७,८४०।४० (अक्षेरुपी सन्तानब्बे हजार आठ सय चालिस रुपैयाँ चालिस पैसा मात्र) रकम बढी भुक्तानी लिई सो बराबरको हानि नोक्सानी पुऱ्याई आरोपदावी बमोजिमको कसूर गरेको भन्ने समेतको आरोपदाबी रहेको प्रस्तुत मुद्दामा; अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,बर्दिबासबाट खटी गएको प्राविधिक कर्मचारी समेतको टोलीले मिति २०७९/०७/२९ मा स्थलगत अनुगमन तथा आवश्यक प्राविधिक नापजाँच समेत गरी २०७९।०७।३० गते पेश गरेको प्रतिवेदन तथा संलग्न Quantity Comparison Sheet समेतबाट उक्त योजनाको अधुरो रामजानकी मन्दिर निर्माण कार्यको नापी किताब र फिल्ड नापजाँच तुलना गर्दा Form Work मा ५९.६ वर्गमिटर बढी कार्य देखाई रु,६३,३३७.२०/- बढी भुक्तानी भएको र 1st Class Bricks Work को हकमा ३ घनमिटर बढी कार्य देखाई रु.३४,५०३.२०/- बढी भुक्तानी भएको देखिई कूल जम्मा रु.९७,८४०।४० (अक्षेरुपी सन्तानब्बे हजार आठ सय चालिस रुपैयाँ चालिस पैसा मात्र) रकम बढी भुक्तानी भएको देखिएको भन्ने समेत व्यहोरा उल्लेख भएको र सो प्रतिवेदन व्यहोरालाई सनाखत र समर्थित गर्दै प्रतिवेदकहरु विशाल कुमार चौधरी, इ. मनिष कर्माचार्य समेतले बकपत्र मार्फत पुष्टि गरेको अवस्था देखिन्छ ।यसरी विशेषज्ञका रुपमा रहेका प्राविधिकको बकपत्रलाई प्रमाणका रुपमा लिनुपर्ने र सोही समेतका आधारमा मुद्दाको फैसला हुनुपर्नेमा फैसलाले सोतर्फ ध्यान पुर्याएको अवस्था देखिँदैन ।<br>(ख) स्थलगत मुचुल्काका लागि प्रतिवादी सब-इन्जिनियर उमेश कुमार दास, निर्माण समितिका अध्यक्ष प्रतिवादी राम भरोसी मण्डल धानुक समेतका मानिसहरु फिल्डमै पुगी बसी समग्र नापजाँच प्रकिया र नतिजामा समर्थित भई रोहबरमा सहीछाप समेत गरेको तथ्य मिसिल संलग्न मुचुल्का समेतबाट पुष्टि भैरहेको र सोही स्थलगत नापजाँचकै आधारमा प्रतिवेदन तयार गरेकोले सो प्रतिवेदनलाई अन्यथा मान्नुपर्ने भन्ने फैसलाले लिएको आधार मिलेको छैन ।अतः प्रतिवादीहरुले उक्त प्रतिवेदन व्यहोरा बमोजिमको आरोपित कसूर गरेको पुष्टि भैरहेको अवस्थामा प्रतिवादीहरुलाई कसूरदार ठहर गरी सजाय गर्नुपर्नेमा विशेष अदालतबाट निज प्रतिवादीहरुलाई सफाई दिई भएको प्रस्तुत फैसला प्रथम दृष्टिमै त्रुटिपूर्ण रही बदरभागी देखिन्छ ।<br>(ग) अनुसन्धानको क्रममा बयान गर्दा, प्रतिवादी राम भरोसी मण्डल धानुकले आफूलाई उक्त नापजाँचमा फरक परेको, के-कति नापजाँच गरेको हो थाहा नभएको भन्ने समेत व्यहोराको बयान गरेका, प्रतिवादी सब-ईन्जिनियर उमेश कुमार दासले उक्त योजनाको बेलाबेलामा स्थलगत निरीक्षण गरेको र नापजाँच ईन्जिनियरको रोहबरमा गरी नापी किताब बनाउने गरेको, उक्त कार्यको स्लाब बिम र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम सजाय गरी ऐ. ऐनको दफा ८ (४) बमोजिम नै बिगो समेत निज प्रतिवादीहरुबाट जफत गरिपाउन समेत । | | प्लिन्थ बिमको नापजाँच गर्दा आयोगबाट खटिआएको टोलीले नापजाँच गरेको स्लाब बिमको १०.१३ लम्बाई भएकोमा १४.२ भएकोले सो नापजाँचमा मानवीय त्रुटी हुन सक्छ, ल्यापटपमा काम गर्दा गर्दै गल्ती हुन सक्छ भन्ने समेत व्यहोराको आरोपदाबी बमोजिमको कसूरको तथ्यमा समर्थित रही बयान गरेको र निज समेतका प्रतिवादीहरुले अदालतमा कसूरमा इन्कारी गरेको बयानलाई तथा आरोपदाबीलाई खण्डित गर्ने कुनै बस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको अवस्था समेत देखिंदैन। तसर्थ, यी प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसूर गरेको मिसिल संलग्न मुद्दामा मिसिल संलग्न उजुरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासको प्राविधिक प्रतिवेदन तथा प्रतिवेदकहरुको बकपत्र, प्रतिवादीहरुको रोहबारमा भएको मुचुल्का सहितको फिल्ड निरीक्षण, नापजाँच सहितको प्रतिवेदन, मौकामा कसूरमा समर्थित रही गरेको प्रतिवादीहरुको बयान समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले उक्त मन्दिर निर्माण कार्यमा वास्तविक भए गरेको कार्यभन्दा बढी कार्य गरेको देखाई नक्कली नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र गलत योजना अनुगमन प्रतिवेदन बनाई सोही कागजातको आधारमा बढी रकम भुक्तानी लिनुदिनु गरी आरोपदाबीको कसूर गरेको पुष्टि भैरहेकोमा निज प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको देखिन्छ ।<br>(घ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट खटी गएको प्राविधिक कर्मचारी समेतको टोलीले प्रतिवादी राम भरोसी मण्डल धानुक समेतका मानिसहरुको रोहबरमा समग्र नापजाँच प्रकिया र नतिजामा समर्थित भई रोहबरमा सहीछाप समेत गरेको स्थलगत अनुगमन तथा आवश्यक प्राविधिक नापजाँच गरी तल उल्लिखित तालिका बमोजिमको प्राविधिक नापजाँच सहितको विवरण उल्लेख गरेको, सो विवरण सहितको प्रतिवेदन पेश गरेको अवस्था छ ।उपरोक्त बमोजिमको Form work र 1st class bricks work को कार्य क्रमशः १६०.२ वर्ग मिटर र ११.२ घन मिटरको कार्य फिल्डमा रहेकोमा form work र 1st class bricks work मा क्रमशः ५९.६ वर्गमिटर र ३ घनमिटर बढी मूल्यांकन गरी जम्मा रु.९७,८४०।४० (अक्षेरुपी सन्तानब्बे हजार आठ सय चालिस रुँपैया चालिस पैसा मात्र) रकम बढी भुक्तानी भएको देखिन्छ भन्ने समेत व्यहोराको उपरोक्त बमोजिमको मुचुल्का सहितको मिति २०७९।०७।३० मा पेश भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन प्रतिवेदन व्यहोरा सहित सोही बमोजिमको बिगो कायम गरी आरोपदाबी लिईएको र सो आरोपदाबी मिसिल संलग्न समग्र प्रमाणबाट पुष्टि भैरहेकोमा प्रस्तुत फैसलाले आरोपदाबी भन्दा भिन्न हुनेगरी '*Form Work तर्फ ५३.८६ वर्ग मिटर र $1^{st}$ class brick work तर्फ ४.०८ घनमिटर बढी देखाई भुक्तानी दिए लिएको भन्ने आरोप दावी पुष्टि हुन आएको नदेखिएको*' भनी वस्तुनिष्ठ र तथ्यगत आधारबिनै प्रतिवादीहरूलाई आरोप दाबीबाट सफाई दिनेगरी भएको फैसला तथ्यगत रुपमा समेत त्रुटिपूर्ण रही बदरभागी रहेको देखिन्छ । |